नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग

# सवारी परीक्षण कार्यालय

हेटौंडा, मकवानपुर




## सवारी साधनहरुको तथ्याङ्क तथा वार्षिक विवरण पुस्तिका

२०८३

फोन नः-०५७-५२०१८५ इमेलः- hetaudavftc@gmail.com Website:-www.vftchetauda.gov.np

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था विभाग

# सवारी परीक्षण कार्यालय

हेटौंडा, मकवानपुर

# सवारी साधनहरुको तथ्याङ्क तथा वार्षिक विवरण पुस्तिका २०८३

# सवारी परीक्षण कार्यालय, हेटौंडाका हाल कार्यरत पदाधिकारीहरु



खेमराज भट्टराई
नि. कार्यालय प्रमुख



रेणु कुमारी साह
मेकानिकल इन्जिनियर



उत्सर्ग लामिछाने
मेकानिकल इन्जिनियर



जय प्रकाश यादव
मेकानिकल सुपरभाईजर



केशव प्रसाद हुमागाई
लेखापाल



अनुज बस्नेत
नायब सुब्बा



रोशन बास्तोला
कम्प्यूटर अपरेटर



हिमा कोइराला
खरिदार



रमेश कुमार थापा
हलुका सवारी चालक



प्रल्हाद यादव
कार्यालय सहयोगी



महेन्द्र पाण्डे
कार्यालय सहयोगी



सावित्री दुलाल
कार्यालय सहयोगी



प्रविन राज घिमिरे
सुरक्षाकर्मी



# मन्तव्य

**राजिव पोखरेल**
**महानिर्देशक**
**यातायात व्यवस्था विभाग**

सवारी तथा यातायात क्षेत्रको व्यवस्थापन, नियमन र सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी तथा नागरिकमैत्री बनाउन तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ। सवारी परीक्षण कार्यालय, हेटौंडाद्वारा तयार गरिएको **"सबारी साधनहरूको तथ्याङ्क अद्यावधिक तथा वार्षिक विवरण सहितको पुस्तिका"** प्रकाशन हुन लागेकोमा अत्यन्त खुसी लागेको छ।

यस पुस्तिकामा दर्ता भएका सवारी साधनहरूको अद्यावधिक विवरण राजस्व संकलन, सेवा प्रवाह, तथा अन्य महत्वपूर्ण तथ्याङ्क समावेश गरिएका छन्। यस्ता तथ्याङ्कहरूले नीति निर्माण, योजना तर्जुमा, अनुसन्धान तथा निर्णय प्रक्रियामा महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु।

पुस्तिका प्रकाशनका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण तथा सम्पादन कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरू तथा सरोकारवालाहरूलाई धन्यवाद व्यक्त गर्दछु। यस प्रकाशनले सेवाग्राही, अनुसन्धान कर्ता तथा सरोकारवाला विभिन्न निकायहरूलाई उपयोगी जानकारी प्रदान गर्ने अपेक्षा गरेको छु।

यस पुस्तिकाको सफल प्रकाशनको शुभकामना व्यक्त गर्दछु।

२०८३ असार



# शुभकामना मन्तव्य



नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग अन्तर्गत यस सवारी परीक्षण कार्यालय, हेटौंडा को यातायात व्यवस्था तथा सवारी साधन व्यवस्थापन नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै ऐन कानुन अनुसार सेवाग्राहीलाइ गुणस्तरीय छिटोछरितो र पारदर्शी सेवा प्रदान गर्नु यस कार्यालयको प्रमुखको दायित्व हो। यस सन्दर्भमा सवारी प्रीक्षण कार्यालय हेटौंडाद्धारा तयार गरिएको **"सवारी साधनहरुको तथ्याङ्क अद्यावधिक तथा वार्षिक विवरण सहितको पुस्तिका"** प्रकाशन गर्न पाउदा अत्यन्त हर्षित छु ।

यस पुस्तिकामा कार्यालयको कार्यक्षेत्रमा पर्ने दर्ता भएका सवारी साधनहरुको अद्यावधिक तथ्याङ्क, वार्षिक प्रगती विवरण, राजश्व संकलन, सेवा प्रवाह तथा अन्य महत्वपूर्ण सूचनाहरु समावेश गरिएका छन् । यस्ता तथ्याङ्कहरुले नीति निर्माण, योजना तर्जुमा अनुसन्धान तथा सेवा सुधारका लागि महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु ।

तथ्याङ्क व्यवस्थापनलाई अझ व्यवस्थित, विश्वासनीय र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ कार्यालय निरन्तर प्रयासरत रहेको छ । यस प्रकाशनले सरोकारवाला निकाय, अनुसन्धान कर्ता, संचारकर्मी तथा आम नागरिकलाई आवश्यक जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस पुस्तिका तयारी तथा प्रकाशन कार्यमा महानिर्देशकज्यू, कर्मचारी तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण सहयोगी संस्थाहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । आगामी दिनहरुमा पनि सेवाग्राही मैत्री, उत्तरदायी र प्रभावकारी सेवा प्रवाहको लागि सबैको साथ, सहयोग र सुझाव प्राप्त भैरहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद



खेमराज भट्टराई
नि. कार्यालय प्रमुख
सवारी परीक्षण कार्यालय, हेटौंडा

# शुभकामना मन्तव्य



सवारी परीक्षण कार्यालय, हेटौंडाले "सवारी साधनहरूको तथ्याङ्क अध्यावधिक तथा वार्षिक विवरण सहितको पुस्तिका" प्रकाशन गर्न लागेकोले अत्यन्तै खुसी लागेको छ । तथ्याङ्क मार्फत नै सरकारको नीति निर्देशन, कार्यालयको लक्ष्य तथा कार्यालयका सबै कर्मचारीले तोकेको लक्ष्य हासिल गर्नका लागि गरेको परिश्रम मुखरित हुने हुँदा यो पुस्तिका आफैंमा महत्वपूर्ण कोसेढुंगा हो ।

२०७६ सालमा स्थापना भएको यस सवारी परीक्षण कार्यालय हेटौंडाले दुई वा सो भन्दा बढी प्रदेश भई संचालन हुने (अन्तरप्रदेशिय) सार्वजनिक सवारी साधनको बाटो इजाजतपत्र जारी गर्ने, सवारी साधनको स्तर कायम गर्ने, जाँचपास गर्ने, सवारी साधनको सडकमा चल्ने सक्षमताको जाँच गर्ने, तौलपुल तथा सवारीहरुको नियमित अनुगमन गर्ने लगायत प्रचलित सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावलीको कार्यान्वयन तथा संघको पूर्वाधार विकास मन्त्रालय र यातायात व्यवस्था विभागद्वारा प्रदान हुने निर्देशन तथा प्रत्यायोजित अधिकार बमजिम यातायात व्यवस्थापनसँग सम्बन्धित कार्यहरु गर्दै आएको छ ।

यस पुस्तिकामा कार्यालयको उद्देश्य अनुरुपका महत्त्वपूर्ण सूचना तथा तथ्याङ्क समावेश हुने भएकोले सम्पूर्ण सरोकारवाला निकाय, आम संचार, अनुसन्धानकर्ता, सेवाग्राही तथा आम नागरिकले कार्यालयबारे पर्याप्त सूचना प्राप्त गरी कार्यालय र सरोकारवालाबीच आपसी सहयोग, सम्वाद र सम्बन्धमा बढोत्तरी हुने साथै नीति निर्माण, योजना तर्जुमा तथा सेवा सुधारका लागि महत्त्वपूर्ण आधार प्रदान गर्न पनि उत्तिकै उपयोगी हुने विश्वास राख्न सकिन्छ ।

तथ्याङ्क व्यवस्थापन लगायत कार्यालयका सेवाहरु अझ बढी व्यवस्थित, विश्वसनीय, प्रविधिमैत्री बनाई यसको सञ्जालिकरण, आवद्धता र पहुँचको अझ बिस्तार भई कार्यालय झन् बढी सेवाग्राहीमैत्री होस् भन्ने शुभकामनासहित यस पुस्तिका तयारी तथा प्रकाशन कार्य गर्नुभएकोमा सवारी परीक्षण कार्यालयका नि. कार्यालय प्रमुख श्री खेमराज भट्टराई तथा सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

धन्यवाद

अमित आचार्य
सिनियर डिभिजनल ईन्जिनियर
विज्ञान, प्रवधि तथा नवप्रवर्तन मन्त्रालय
साविक कार्यालय प्रमुख, सवारी परीक्षण कार्यालय, हेटौंडा

# विषयवस्तुको तालिका


सडक दुर्घटनाः समस्या र समाधान........................................................ १

नेपालमा सवारी परीक्षण कार्यालयको आवश्यक्ता, हालको अवस्था तथा आगामी कार्यदिशा ........................................................................ ६

कार्यालयको परिचय .................................................................... १२

कार्यालयको कार्यको प्रमुख दायरा.................................................. १२

कार्यालयको नागरिक बडापत्र ....................................................... १४

कार्यालयले प्रदान गरिने सेवाहरु.................................................... १५

कार्यालयको वार्षिक सवारी साधनहरुको तथ्याङ्क.................................. १९

- जाँचपासको विस्तृत तथ्याङ्क............................................................ १९
- यस आ.व २०८२/८३ मा जारी भएका नयाँ बाटो इजाजत पत्रको विवरण............ २१
- सडक सक्षमता जाँचको विस्तृत विवरण.................................................. ३९
- कार्यालयको अन्य सेवाहरुको तथ्याङ्क.................................................. ४१
- राजस्वको तथ्याङ्क ........................................................................ ४२

अन्य केही कार्यालयका गतिबिधिहरुः ..................................................... ४३

# सडक दुर्घटनाः समस्या र समाधान



**-ई. श्रीकान्त यादव**
सिनियर डिभिजनल इन्जिनियर
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
साविक कार्यालय प्रमुख, सवारी परीक्षण कार्यालय, हेटौंडा

## परिचय

सन् १९00 सम्म संसारभरि जम्मा दश हजारको हाराहारीमा सवारी साधन सडकमा गुडेका थिए तर विगत १२१ वर्षमा त्यो सङ्ख्या २ अर्बभन्दा बढी पुगेको अनुमान गरिन्छ । सन् १८९९ मा लन्डनको ग्रोबहिलमा भएको सडक दुर्घटनामा कार चालकको मृत्यु भएको थियो, जसलाई ज्यान लिने गरी भएको विश्वको पहिलो सडक दुर्घटना मानिन्छ । सडक दुर्घटनाको सम्बन्धमा भनिन्छ- "नहुँदासम्म केही पनि हुँदैन, भएको भोलिपल्ट दुई दिन हुन्छ । "हाल विश्वभरि प्रत्येक वर्ष तेह्र लाख मानिस सडक दुर्घटनाको कारण ज्यान गुमाउने गरेका छन् भने झन्डै पाँच करोड मानिस सडक दुर्घटनामा परी चोटपटक लाग्ने वा अङ्गभङ्ग हुने गरेका छन् । नेपालको हकमा मृत्यु हुनेको सङ्ख्या प्रत्येक वर्ष ५000 को हाराहारीमा रहेको विश्व स्वास्थ सङ्गठनको दाबी छ, यद्यपि यो डाटा नेपाल प्रहरीको ट्राफिक महाशाखाको रेकर्डसँग मेल खाँदैन । विकसित देशहरूमा तुलनात्मक रूपमा सडक दुर्घटना कम हुने गर्दछ । सडक दुर्घटनामा मृत्यु हुने ९३% मानिस विकासशील तथा कम विकसित देशका नागरिकहरू हुन्छन् । संयुक्त राष्ट्र सङ्घले सन् २0११ देखि सन् २0२0 सम्मलाई सडक सुरक्षा दशकको रूपमा घोषणा गरी यस अवधिमा सडक दुर्घटनाबाट मृत्यु हुने मानिसको सङ्ख्या आधी कम गर्ने लक्ष्य लिएको थियो । यसैको आधारमा यसका पक्ष राष्ट्रहरूले समेत राष्ट्रिय रणनीतिहरूसमेत बनाएर कार्यान्वयन गरे तर यस बिचमा विकासोन्मुख राष्ट्र (नेपालसमेत) को सडक दुर्घटनाबाट मृत्यु हुनेको सङ्ख्या घट्नुको साटो बढेको देखियो । महालेखापरीक्षकको कार्यालयले हालसालै राष्ट्रपतिसमक्ष बुझाएको प्रतिवेदनअनुसार विगत ३ आर्थिक वर्षमा नेपालको औसत सडक दुर्घटना १५% ले बढेको छ । आर्थिक रूपमा क्रियाशील (१६ देखि ६0 वर्ष उमेर समूह) का मानिस सडकको सम्पर्कमा बढी आउने हुनाले सडक दुर्घटनामा ज्यान गुमाउने सम्भावना पनि उनीहरूकै बढी हुन्छ । सडक दुर्घटनाले एकातिर मानिसको अमूल्य जीवन लिइरहेका छन् भने अर्कोतिर परिवारका सदस्यहरूलाई नमिठो आर्थिक तथा आत्मीय पीडा पनि थपिराखेका हुन्छन् ।

**किन हुन्छ त सडक दुर्घटना ?**

दुर्घटना होस् भन्ने कसैको चाहना नभए पनि यो दिनहुँजसो घटित भएकै हुन्छन् । यसका कारण साना हुन्छन् तर परिणाम भयावह सडक दुर्घटनाका धेरै कारणहरू छन् । सवारी चालकको लापरबाही विश्वभरि हुने सवारी दुर्घटनाको सबभन्दा प्रमुख कारण मानिन्छ । लगभग ६०% जति दुर्घटना चालकको लापरबाहीले हुने गरेको तथ्याङ्कले देखाउँछन् । ट्राफिक नियमको पालना नगर्नाले धेरै दुर्घटना हुने गर्दछ । जस्तैः सवारी चलाउने समयमा मोबाइल फोनमा कुराकानी गर्नु, लगातार लामो समयसम्म सवारी चलाउनु, सवारी चलाउने बेलामा छेउको मानिससँग जिस्कनु/गफ्फिनु, ओभरकन्फिडेन्ट भई सवारी चलाउनु, सह-चालक (खलासी)लाई एकछिन हात सफा गर्न दिनु, निद्रा नपुगी पुनःसवारी चलाउनु, साइडलाइट-ब्याकलाइट-पासिङलाइट आदिको उचित प्रयोग नगर्नु इत्यादि । सवारी साधनको गति सडक दुर्घटनाको दोस्रो प्रमुख कारण हो । सवारीको गति १% ले बढ्दा दुर्घटना हुने सम्भावना ४% ले बढ्ने गर्दछ । भनिन्छ "रक्सीको मात्र होइन, फलामको पनि नशा लाग्छ रे । "स्टेयरिङ समातेको बेला खाली सडक हेर्नेबित्तिकै एक्सलरेटर बटार्न खोज्ने युवाहरू मात्र होइन, प्रौढहरू पनि प्रशस्तै छन् हाम्रो समाजमा । प्रश्न आउन सक्छ त्यसो भए सवारी चलाउँदा सुरक्षित गति कति हो त ? जवाफ एउटै छ-तपाईं जुन गतिमा सवारी चलाउँदा आफूले सोचेकै ठाउँमा सवारी साधन रोक्न सक्नुहुन्छ, त्यही नै हो तपाईंको लागि सुरक्षित गति तर साधारणतया नेपालको परिपेक्षमा ५० कि. मी. प्रति घन्टा भन्दा बढीको गति असुरक्षित मानिन्छ । मादक पदार्थको सेवन गरी सवारी साधन चलाउनुलाई सडक दुर्घटनाका तेस्रो मुख्य कारण मानिन्छ । चिकित्सकहरूले हाम्रो शरीरमा ०.०४ ग्राम प्रति डेसिलिटरभन्दा बढीको BAC(Blood Alcohol Concentration)लाई ड्राइभिङको लागि असुरक्षित मान्दछन् । एम्फैटेमिन (लागुऔषध)को प्रयोगले दुर्घटनाका सम्भावनालाई अझ धेरै गुनाले बढाइदिन्छ । सडकको भौतिक अवस्था दुर्घटनाको अर्को महत्त्वपूर्ण कारण हो । नेपालका सडकहरू सुरक्षाको हिसाबले राम्रो मानिँदैन । अझ पूर्वी नेपालको भन्दा पश्चिमी नेपालका सडकहरू बढी असुरक्षित छन् । होटलहरू २ स्टार, ३ स्टार, ५ स्टार हुन्छन् भनेर हामी धेरै जनालाई थाहा छ तर सडकहरू पनि २ स्टार, ३ स्टार, ५ स्टार हुन्छ भने धेरै जनालाई थाहा नहुन सक्छ । विश्व बैङ्कसमेतको सहयोगमा सञ्चालित सडकको अवस्थाको बारेमा अध्ययन गर्ने एउटा कार्यक्रम (IRAP)ले सडकको भौतिक अवस्था, सवारी चलाउन अनुकूलन अवस्था, ट्राफिक सङ्केतहरूको पालना लगायतका आधारमा सडकलाई १ देखि ५ स्टारसम्म रेटिङ गरेको छ । IRAP ले अस्ट्रेलियामा गरेको एक अध्ययनअनुसार अस्ट्रेलियाको ६% सडकलाई ३ स्टारबाट ५ स्टार लेभलमा स्तरोन्नति गर्दा त्यहाँको सडक दुर्घटनाबाट हुने मृत्युमा ८४% ले कमी आयो ।

सवारी साधनको यान्त्रिक अवस्थाको कारणले पनि धेरै दुर्घटना हुने गरेको देखिन्छ । नेपालमा हाल ५० लाखको हाराहारीमा सवारी साधन रहेको अनुमान गर्न सकिन्छ । जसमा ८-१०% सवारी साधन मात्र सार्वजनिक सवारीको रूपमा सञ्चालनमा रहेका छन् । यद्यपि यही ८-१०% सवारी

साधनले दैनिक ८५% यात्रीलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने गर्दछ । सार्वजनिक सवारीले प्रत्येक ६/६ महिनामा यातायात व्यवस्था कार्यालयका मेकानिकल इन्जिनियरबाट चेकजाँच गराएर जाँचपास गरेको प्रमाणपत्र लिने प्रावधान छ । एकातिर नाङ्गो आँखाले क्षणिक रूपमा गरिने चेकजाँजले गर्दा त्यस्तो प्रावधान भरपर्दो हुन सकेको छैन भन्ने कहिलेकाहीँ सवारी साधन नै नहेरी जाँचपास गरिदिने कारणले समेत दुर्घटनामा बल पुगेको देखिन्छ । सवारीधनी तथा चालकहरूले सानातिना यान्त्रिक कमजोरीलाई बेवास्ता (ignore) गर्नाले समेत दुर्घटना हुन्छ । यान्त्रिक अवस्थाको कुरा गर्दा- आज १%ले बिग्रेको सवारी भोलि २% र पर्सि ३% ले बिग्रिने हुँदैन । त्यो बिजगणितीय हिसाबले अर्थात् १% बाट ४% , ४% बाट १६% र १६% बाट ६४% हुँदै बिग्रिँदै जाने हो । नेपालमा अति न्यून सङ्ख्यामा रहेका पोख्त सवारी चालक र अति द्रुत गतिमा बढेको सवारी साधनको असन्तुलनले अयोग्य चालकबाट समेत सेवा लिनुपर्ने बाध्यता छ । नेपालमा २०७१ सालदेखि वैज्ञानिक सवारी चालक अनुमतिपत्र परीक्षा प्रणाली लागु गरे यता सवारी दुर्घटनामा कमी आउने अपेक्षा गरिएको थियो तर परीक्षा प्रणालीमा भएका कमीकमजोरीले उल्लेखित अपेक्षा पूरा हुन सकेको देखिँदैन । स्वचालित ट्रायल परीक्षाको अभाव र गुणस्तर नपुगेका चालक उत्पादनले समेत सवारी दुर्घटनामा टेवा पुऱ्याइरहेका छन् । क्षमताभन्दा बढी यात्रु र मालसमान बोक्नु नेपालको परिपेक्ष्यमा सवारी दुर्घटनाको अर्को प्रमुख कारण हो । तथ्याङ्कलाई हेर्दा दसैँ, तिहार र छठको बेला हुने सवारी साधनहरूको दुर्घटना वर्षको बाँकी १० महिनामा हुने यात्रुवाहक सवारी साधनहरूको दुर्घटनाको लगभग ४0% जति हुन्छन् । मालबाहक सवारी साधनहरूको अधिकतम दुर्घटना क्षमताभन्दा बढी मालसमान बोकेको कारण हुने गरेको छ । नेपालभरिका मुख्य मुख्य राजमार्गमा रहेका तौलपुल तथा हजारौँको सङ्ख्यामा रहेका ट्राफिक प्रहरीले समेत Overload Management मा प्रभावकारी भूमिका खेल्न सकेको देखिँदैन । रातीको समयमा खाली सडकमा हुने Driving Negligence, मादक पदार्थ सेवन, सडक क्षेउको अव्यवस्थित पार्किङ, सडक बत्तीको अभाव, लापरबाहीपूर्वक हिँड्ने पैदलयात्री आदिका कारणसमेत नेपालमा धेरै दुर्घटना हुने गरेका छन् ।

**समाधानका उपायहरू**

सुरक्षाका उपायहरूको अधिकतम प्रयोग गर्दागर्दै पनि सडकमा दुर्घटना हुन्छ नै त्यसैले सडकको डिजाइन गर्दा प्रयोगकर्ताले गल्ती गर्छन् नै भन्ने मान्यताका साथ दुर्घटना भइहालेमा पनि न्यूनतम क्षति हुने गरी सडकको डिजाइन गरिनुपर्दछ । Footpath, Cycle lane, Safe crossing point, Traffic calming जस्ता व्यक्तिको प्रयोग आजकल व्यापक हुँदै गएको छ । सुन्दाखेरी अनौठो लाग्ला तर फराकिलो सडकभन्दा साँघुरो सडकमा र सिधाभन्दा घुमाउरो सडकमा दुर्घटना कम हुने गर्दछ । आजकल कृत्रिम रूपमा सडकमा अवरोध खडा गरेर चालकको ध्यान केन्द्रित गर्ने उपायहरूको समेत अवलम्बन गरिन्छ । जस्तैः ठाउँ-ठाउँमा लेनलाई साँघुरो बनाउने, लेनलाई मर्ज गर्ने, स्पिड हम्पसको प्रयोग गर्ने, सडक लेनमा रुख रोप्ने आदि । नेपालका सडकहरू सवारी चापका अनुपातमा साँघुरा छन् । तसर्थ, समयसापेक्ष सडक संरचनाको स्तरोन्नति तथा अब बन्ने नयाँ

सडकहरूको डिजाइन गर्दा सडक दुर्घटना न्यूनीकरणलाई पहिलो प्राथमिकतामा राखेर गरिनुपर्दछ । मुगलिङ-नारायणघाट सडक खण्डको स्तरोन्नतिमा यी कुरालाई विशेष ध्यान दिएको देखिन्छ र त्यसको परिणाम पनि हामी सबैले देखेका छौं, त्यस सडक खण्डको दुर्घटनामा हर्षलाग्दो तरिकाले कमी आएको छ ।

विश्व स्वास्थ सङ्गठनका अनुसार विश्वभरि बेचिने सवारी साधनहरूमध्ये ८0%ले सुरक्षाको न्यूनतम मापदण्डसमेत पूरा गरेको हुँदैन । UN World forum for Harmonization of vehicle ले सवारीको Crash Test, Anti skidding facilities, Pedestrians protection through reducing the severity of impact, Seat belt, Child restraints, Antilock breaking system / Running Headlight during Day for better visibility of other road user लाई सुरक्षित सवारीको लागि न्यूनतम मापदण्डको रूपमा तोकेको छ । नेपालमा भित्रिने लगभग १00% सवारी साधनले सुरक्षित सवारी हुनको लागि चाहिने यी न्यूनतम मापदण्ड पूरा गरेको हुँदैन । अफ्ष क्षमताभन्दा बढी यात्रु वा मालसमान बोक्ने र साँघुरा रोडमा समेत लामो सवारी सञ्चालन हुने, सडकको प्रकृतिअनुसार उपयुक्त सवारीले मात्र बाटो इजाजत पाउनु पर्नेमा त्यस्तो हुन सकेको देखिँदैन । नेपाल सरकारले अन्तरप्रदेशिय (एक प्रदेशबाट अर्को प्रदेश भई सञ्चालन हुने) सवारी साधनको बाटो इजाजत ( Route Permit) व्यवस्थापन तथा यान्त्रिक अवस्था दुरुस्त राखी सोही कारणले हुने दुर्घटना न्यूनीकरण गर्न नेपालभरि विभिन्न ठाउँमा हाल ५ वटा सवारी परीक्षण कार्यालयहरू स्थापना गरेको छ र सो को विस्तारसमेत गरिँदै छ । गुणस्तर नपुगेका बडी कारखानामा निर्मित मापदण्ड नपुगेका सवारी साधन, साँघुरो बाटोमा सञ्चालन हुने लामो च्यासिसका सवारी साधन, यान्त्रिक रूपले कमजोर सवारी साधन आदिका कारणले हुने सवारी दुर्घटना न्यूनीकरण गर्न सवारी परीक्षण कार्यालयहरूले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ । दुर्घटना न्यूनीकरणमा टेवा दिने उद्देश्यले यातायात व्यवस्था विभागले २०७४ सालमा विभिन्न ७ वटा निर्देशिकाहरू बनाएर लागु गरेका छन् जसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यसका लागि एकातिर ‘सुरक्षित सवारी’ मात्र भित्रिने व्यवस्था लागु गर्नुपर्छ भन्ने अर्कोतिर सवारी अनुगमनको लागि विशेषज्ञ जनशक्ति परिचालन गर्नुपर्ने आवश्यकता छ ।

विश्वका विभिन्न देशमा पैदलयात्रीसमेतले सडक नियमको उल्लङ्घन गरेमा जेल बस्नुपर्ने प्रावधान छ । साउदी अरबमा सवारी साधनको ठक्करले सडक प्रयोगकर्ताको ज्यान गएमा चालकलाई ४ वर्षसम्म जेल वा ५५ लाख (ने. रु. )सम्म जरिवाना वा दुबै हुने प्रावधान छ । २०४९ सालमा नेपालमा १ लाखको सङ्ख्यामा सवारी साधन हुँदा बनेको सवारी तथा यातायात व्यवस्था ऐनमा सडक प्रयोगकर्ताको विषयमा तथा अन्य विषयमा समेत अहिले समयसापेक्ष परिमार्जन गर्नुपर्ने देखिन्छ । सवारीको चाप बढ्दै जाँदा human –Vehicle interactionसमेत सोही अनुपातमा बढ्ने हुनाले public Awareness हुनु अति आवश्यक हुन गएको छ । ५ वर्षदेखि २९ वर्ष उमेर समूहका व्यक्तिहरू सबभन्दा बढी दुर्घटनाबाटै मर्ने तथ्याङ्कले देखाउँछ । त्यसैले अब स्कुलको पाठ्यक्रममा नै


फोन नः-०५७-५२०१८८ | इमेलः- hetaudavftc@gmail.com | Website:- www.vftchetauda.gov.np

सडक सुरक्षाको विषय समावेश गरिनुपर्दछ । त्यस्तै नेपाल सरकारले 'सवारी चालक-स्कुल' को स्थापना गरी चालक पुनर्ताजगी कोर्स निःशुल्क सञ्चालन गर्नुपर्दछ जसले सवारी चालकहरूलाई सडक प्रयोगको सम्बन्धमा औपचारिक सैद्धान्तिक शिक्षा दिन सकियोस् ।

दुर्घटनापछिको १ मिनेटले ढिलाइले पनि पीडितको जीवनलाई मृत्युमा परिवर्तन गर्न सक्ने हुनाले दुर्घटनापछिको उद्धारको महत्त्वपूर्ण भूमिका हुन्छ । जीवन र मृत्युको दोसाँधबाट जीवन पाएकाहरूले यसको महत्त्वलाई राम्ररी बुझ्दछ । यो नितान्त अनुभव गर्ने कुरा हो तर नेपालमा दुर्घटनापछि हुने उद्धारको अवस्था सन्तोषजनक छैन । घाइतेलाई तत्काल उद्धार गर्न नसक्नु, उद्धारपछि प्राथमिक उपचारको अभाव तथा समयमा अस्पताल पुऱ्याउन नसकेकै कारण पनि सयौं घाइतेहरू मर्न बाध्य छन् । तसर्थ, क्षेत्रगत रूपमा सुविधासम्पन्न QRTRA -Quick Response Team for Road Accident) को गठन हुनु आवश्यक छ । दुर्घटनापछिको उपचारको लागि काठमाडौंमा राष्ट्रिय ट्रामा सेन्टर सञ्चालनमा छ । तर एकमात्र ट्रमा सेन्टर नेपालको लागि पर्याप्त छैन । कम्तीमा पनि प्रत्येक प्रदेशमा comprehensive Service दिन सक्ने एउटा ट्रमा सेन्टरको स्थापना, दुर्घटनाबाट उद्धारकै लागि सुविधासम्पन्न एम्बुलेन्स र पर्याप्त सङ्ख्यामा तालिमप्राप्त QRT को गठन तथा प्रभावकारी सञ्चालन गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी सहरी सडकमा थोरै सवारीले धेरै यात्री ओसार्ने गरी Mass Transit लाई प्रोत्साहित गर्ने । मुख्य राजमार्गहरूमा अटोमेटिक तौलपुलहरू तथा बेरियर्सहरूको स्थापना गर्ने । सवारी साधनको लागि टाइमकार्ड लागु तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्ने । ड्राइभिङ पेसालाई मर्यादित पेसाको रूपमा विकास गरी उनीहरूको वृति-विकासको उचित प्रबन्ध मिलाउने । Standard Crash Test फेल भएका सवारी नेपाल भित्रिन नदिने । दीर्घकालीन रूपमा सडकमा व्यक्तिको movement कम गर्न workplace र Residence लाई walking distance मा राख्ने जस्ता तरिकाको कार्यान्वयनले समेत सवारी दुर्घटना न्यूनीकरणमा मद्दत पुग्छ ।

❑❑❑

# नेपालमा सवारी परीक्षण कार्यालयको आवश्यक्ता, हालको अवस्था तथा आगामी कार्यदिशा



-कृष्ण कुमार यादव
मेकानिकल इन्जिनियर
यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौं
साविक नि. कार्यालय प्रमुख, सवारी परीक्षण कार्यालय, हेटौंडा

## १. पृष्ठभूमि

नेपालमा सवारी परीक्षण कार्यालय (Vehicle Fitness Test Center-VFTC) को व्यवस्थापन यातायात व्यवस्था विभाग (DoTM) अन्तर्गत सञ्चालित रहेको छ। नेपालको संविधानमा व्यवस्था भए अनुसार राष्ट्रिय लोकमार्गको व्यवस्थापन संघिय सरकारको अधिकारक्षेत्रमा परेकोले राष्ट्रिय स्तरको राजमार्ग तथा यसमा संचालन हुने सवारी साधनहरुको व्यवस्थापन कार्यको सहजीकरणका लागि सवारी परीक्षण कार्यालयको स्थापना भएको हो। यद्यपि संघियता लागु हुनु भन्दा पूर्व नै सवारी साधनको परीक्षणको महत्वलाई आत्मसात गरी नेपाल सरकाले सर्वप्रथम आ.व. २०६६।०६७ को बजेट विनियोजन मार्फत काठमाडौंको टेकुमा सवारी परीक्षण कार्यालयको स्थापना गरेको थियो। हाल मुलुकमा सात (७) वटा प्रदेश स्थापना भए पश्चात सात वटै प्रदेशमा सवारी परीक्षण कार्यालय रहने गरी हाल मकवानपुरको हेटौंडा, रुपन्देहीको बुटवल, सुनसरीको इटहरी र कैलालीको अत्तरीयमा सवारी परीक्षण कार्यालयहरु स्थापना भइ यसको संख्या जम्मा पाँच (५) पुगेको छ। साथै आगामि दिनहरुमा महोत्तरीको बर्दिबास तथा सुर्खेतको विरेन्द्रनगरमा थप दुईवटा सवारी परीक्षण कार्यालय स्थपना गर्ने सरकारको लक्ष्य रहेको छ।

सवारी परीक्षण कार्यालयहरुले हाल पाएको कार्यसूची (ToR) अनुसार यसले अन्तर प्रदेशीय रुपमा संचालन हुने यात्रुवाहक तथा मालवाहक सवारी साधनहरुको बाटो इजाजतपत्र,

जाँचपास, स्तरकायम, प्रदूषण परीक्षण, यातायात सेवाको पंजीकरण लगायतका यातायात व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ। यसका अतिरिक्त यातायात व्यवस्था विभागबाट अधिकार प्रत्यायोजन भएको अवस्थामा सवारी परीक्षण कार्यालयबाट नेपालमा पैठारी हुने नयाँ सवारी साधनहरुको सडकमा गुड्न सक्ने सक्षमता परीक्षण (Road Worthiness Test), कारखाना तथा वर्कशपहरुको निरीक्षण अनुगमन लगायतका कार्यहरु गर्दै आएको छ।

## २. नेपालमा सवारी परीक्षण कार्यालयको आवश्यक्ता

सवारी परीक्षण कार्यालयको स्थापना तथा विस्तार सडक सुरक्षा, वातावरण संरक्षण तथा सुरक्षित र मर्यादित यातायात प्रणालीको प्रवर्द्धनको लागि भएको हो। सवारी परीक्षण कार्यालयको समूचित परिचालन मार्फत सवारी साधनको यान्त्रिक अवस्थाको कारणले हुन सक्ने दुर्घटना केही हद सम्म न्यूनीकरण गर्न सकिन्छ। सवारी परीक्षण कार्यालयमा सवारी साधनहरुको ब्रेक, स्टेयरिङ्ग, टायर, बत्ती, सस्पेनसन आदि जस्ता महत्वपूर्ण भागहरुको यान्त्रिक परीक्षण गरिने भएकोले यसले यातायात सेवा प्रदायकहरुलाई सवारी साधनको मर्मतको विषयमा समयमै सजग गराइ सवारी साधनको यान्त्रिक अवस्था दुरुष्त राख्न मद्दत पुर्याउन सक्छ जसले सडकमा सवारी साधनको यान्त्रिक अवस्थाको कारणले हुन सक्ने दुर्घटना तथा Performance Failure लाई न्यूनीकरण गर्न सघउँछ।यसका अतिरिक्त सवारी परीक्षण कार्यालयको आवश्यक्ता निम्नानुसार रहेको छ।

क) सार्वजनिक यातायातको गुणस्तर तथा सुरक्षा सुनिश्चित गर्न।

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ तथा सो सम्बन्धी नियमावली २०५४ अनुसार सार्वजनिक सवारी साधनहरुले नयाँको हकमा पाँच वर्ष सम्मको लागि प्रत्येक वर्ष तथा तत् पश्चात प्रत्येक ६ महिनामा सवारी साधनको यान्त्रिक स्थितिको परीक्षण गरी जाँचपास प्रमाणपत्र जारी गर्नु पर्ने हुन्छ। सवारी परीक्षण कार्यालयमा प्रयोगमा रहने यान्त्रिक उपकरणहरुबाट सार्वजनिक सवारी साधनहरुको प्रयोगले यातायात सेवाको गुणस्तर बढाउन तथा यात्रुलाई सुरक्षित, भरपर्दो र आरामदायी सेवा उपलब्ध गराउन सहयोग पुर्याउन सक्छ।

ख) यातायातका साधनहरुको प्रयोगको क्रममा सडक सुरक्षा सुनिश्चित गर्न।

सवारी परीक्षण कार्यालयहरुमा यातायातका साधनको रुपमा प्रयोग हुने सवारी साधनहरुको ब्रेक, स्टेयरिङ्ग, साइड स्लिप, टायर, बत्ती, सस्पेन्सन लगायतका भागहरुको

परीक्षण गरिन्छ जसले सावरी साधनको दुरुष्त यान्त्रिक अवस्थाको सुनिश्चितता कायम गर्छ र सवारी साधनलाई प्रयोगमा ल्याउन प्राविधिक रुपमा सुरक्षित भए/नभएको सुनिश्चितता कायम गर्छ। यसले सवारी साधनको यान्त्रिक खराबीका कारण हुन सक्ने दुर्घटना कम गर्न सहयोग पुर्याउन सक्छ।

ग) सवारी साधनको प्रयोगबाट हुने वातावरणीय प्रदूषण नियन्त्रणमा सहयोग गर्न।

सवारी परीक्षण कार्यालयमा सवारी साधनबाट निस्किने धुवाँ तथा उत्सर्जन (Emission) सम्बन्धी परीण गरिन्छ। यसले सवारी साधनबाट हुने उत्सर्जन तोकिएको मापदण्डभन्दा बढी मापन हुने सवारी साधनहरुको संचालन नियन्त्रण गर्न सहयोग गर्छ तथा यसले स्वच्छ वातावरण कायम राख्न सहयोग समेत पुर्याउन सहयोग गर्दछ।

घ) सवारी साधनहरुको सडक सक्षमता परीक्षण (Road Worthiness Test) गर्न।

नेपालमा भित्रिने नयाँ सवारी साधनहरुको सडक सक्षमता परीक्षण गरी संचालन अनुमति दिने यातायात विभागको क्षेत्राधिकार भित्र रहेको छ। तथापि यातायात व्यवस्था विभगको अधिकार प्रत्यायोजन अनुसार सवारी परीक्षण कार्यालयबाट समय समयमा विभिन्न सवारी साधनहरुको सडक सक्षमता परीक्षण (Road Worthiness Test) गर्ने गरिएको छ। यसले सवारी साधनहरुको सडकमा संचालन हुन सक्ने विषयको वास्तविक परीक्षण गरेर मात्र सवारी साधनको दर्ताको लागि सिफारिस गर्दछ।

ङ) सवारी साधनको आयु तथा कार्य क्षमता बढाउन उचित मार्गदर्शन गर्न।

सवारी परीक्षण कार्यालयले सवारी धनीहरुलाई सवारी साधनको समयमै मर्मत तथा नियमित परीक्षण गर्न प्रोत्साहित गर्दछ। यसले सवारी साधनहरुको आयु बढाउनुका साथै सवारी साधनको कार्यक्षमता समेत बढाउँछ। यसका साथै यसले सवारी साधनको संचालन तथा मर्मत खर्च समेत दीर्घकालमा कम गर्न सहयोग गर्दछ।

च) सवारी साधन संचालनबाट हुन सक्ने दुर्घटना न्यूनीकरणमा सहयोग पुर्याउन।

सवारी परीक्षण कार्यालयमा सवारी साधनहरुको नियमित परीक्षण हुने भएकोले यसबाट जोखिमयुक्त सवारी साधनहरुको पहिचान गरी समयमै मर्मत गर्न उत्प्रेरित गर्दछ। यसले सवारी साधनहरुलाई प्राविधिक रुपमा दुरुस्त तुल्याउनुका साथै सवारी साधनको प्राविधिक खराबीबाट हुन सक्ने दुर्घटनालाई दीर्घकालमा कम गर्न सहयोग पुर्याउँन सक्छ।

छ) यातायात प्रणाली सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा मापदण्डको पालना गर्न।


फोन नः-०५७-५२०१८५ | इमेलः- hetaudavftc@gmail.com | Website:- www.vftchetauda.gov.np

सवारी परीक्षण कार्यालयमा सवारी साधनहरुको परीक्षणको लागि आधुनिक परीक्षण उपकरण प्रयोग गरी UNECE लगायतका अन्तर्राष्ट्रिय सुरक्षा तथा वातावरणीय मापदण्ड अनुसारको परीक्षण गर्न सकिन्छ। यसले नेपालमा आधुनिक यातायात प्राणाली विकास तर्फ अग्रसर गर्न मद्दत पुर्याउन सक्छ।

## ३. सवारी परीक्षण कार्यालयको हालको अवस्था

नेपालमा दैनिक औसतमा करिब ३७ वटा दुर्घटना हुने गरेका छन्, जसमा करिब ७ जनाको मृत्यु र ३० जना घाइते हुन्छन्। पछिल्लो १० वर्षमा २४ हजारभन्दा बढीको ज्यान गएको तथ्याङ्क रहेको छ। धेरै जसो दुर्घटनाको कारणमा पुराना तथा दोषपूर्ण सवारी साधनको प्रयोग, ब्रेक फेल, टायरको अवस्था खराब हुनु आदि प्रमुख कारणको रुपमा रहेका छन्। सवारी साधनको नियमित परीक्षणले सवारी साधनमा हुन सक्ने यस्ता जोखिमहरुलाई कम गर्न मद्दत गर्न सक्छ।

सवारी तथा यातायात सम्बन्धी कानुनहरुमा व्यवस्था भए अनुसार नयाँ सार्वजनिक सवारी साधनहरुको पाँच वर्ष सम्म वार्षिक रुपमा तथा तत् पश्चात अर्ध वार्षिक रुपमा जाँचपास परीक्षण (Fitness Test) अनिवार्य रुपमा गरिनु पर्ने व्यवस्था गरेको छ। यद्यपि यसको कार्यान्वयनको अवस्था कमजोर रहेको छ।

हाल नेपाल भरी टेकु, हेटौंडा, बुटवल, इटहरी र अत्तरिया गरी जम्मा पाँच ठाँउमा सवारी परीक्षण कार्यालय रहेको छ। यस मध्ये पनि केवल टेकुको कार्यालयमा सवारी परीक्षण सम्बन्धी उपकरणहरु जडन भएको तथा सो समेत प्रयोगमा नरहेको अवस्था विद्यमान रहेको छ।तसर्थ सवारी परीक्षण कार्यालयहरुको पूर्वाधारको अवस्था पर्याप्त नरहेको देखिन्छ।

यसका अतिरिक्त Nepal Road Safety Action Plan (2021-2030) मा प्रदेश स्तरमा आधुनिक उपकरण सहितको थप सवारी परीक्षण कार्यालयहरु (VFTCs) स्थापना तथा मोबाइल टेष्टिङ्ग मेकानिजम र मोबाइल इन्सपेक्टरको व्यवास्था कायम गर्न जोड दिएको छ। साथै World Bank जस्ता बहुपक्षिय संस्थाले समेत सवारी परीक्षण कार्यालयहरुको स्थापना लाई प्राथमिकता दिएको देखिन्छ।पछिल्लो समय त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान, थापाथली क्याम्पसले विद्युतीय सवारी साधनको टेष्टिङ्ग सेन्टर स्थापनाको लागि अग्रसरता लिएको देखिन्छ।

## ४. सवारी परीक्षण कार्यालयका चुनौतिकहरु

नेपालमा सवारी परीक्षण कार्यालय (Vehicle Fitness Test Center) सञ्चालन तथा व्यवस्थापनका क्रममा विभिन्न नीतिगत, प्राविधिक, प्रशासनिक तथा पूर्वाधारगत चुनौतिहरु देखिएका छन्। प्रमुख चुनौतीहरु निम्नानुसार रहेका छन्।

क) सवारी परीक्षण सम्बन्धी पर्याप्त पूर्वाधारको व्यवस्था गर्नु।

ख) सवारी परीक्षण कार्यमा आधुनिक परीक्षण उपकरणहरुको प्रयोग सुनिश्चित गर्नु।

ग) सवारी परीक्षण कार्यालयहरुमा दक्ष तथा प्राविधिक जनशक्तिको पर्याप्तता सुनिश्चित गर्नु।

घ) सवारी साधनको बढ्दो संख्या अनुसार परीक्षणको लागि पर्याप्त व्यवस्था कार्म गर्नु।

ङ) सवारी तथा यातायात सम्बन्धी कानुनहरुको समय सापेक्ष परिमार्जन तथा प्रभावकारी कार्यान्वयन गर्नु।

च) पुराना तथा बढी प्रदुष्ण गर्ने सवारी साधनहरुको उचित व्यवस्थापन गर्नु।

छ) नागरिक तथा सवारी धनीमा नियमित सवारी परीक्षणको महत्वको विषयमा जनचेतना अभिवृद्धि गर्नु।

ज) सवारी परीक्षण कार्यालय, यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी, तथा वातावरण सम्बन्धी निकायबीच प्रभावबारी समन्वय कायम गर्नु।

झ) विद्युत्तीय, हाइब्रिड तथा आधुनिक सुरक्षा प्रणाली भएका सवारी साधनहरुको परीक्षणका लागि आवश्यक उपकरण र मापदण्डको विकास गर्नु।

ञ) सवारी परीक्षण सम्बन्धी उपकरण खरिदको लागि पर्याप्त बजेटको व्यवस्थापन गर्नु।

## ५. आगामी कार्यदिशा

नेपालमा सवारी साधनको संख्या वर्षेनी रुपमा बढ्दै गएको छ। आधुनिक प्रविधि जडित सवारी साधनहरुको आयात बढ्नुका साथै यस्ता सवारी साधनहरुको व्यवस्थापनमा चुनौती थपिदै गएको छ। बढ्दो सवारी साधनको संख्या, प्रविधि तथा सडक सञ्जालको विस्तारसँगै सवारी परीक्षण कार्यालय (Vehicle Fitness Test Center) लाई आधुनिक, वैज्ञानिक, पारदर्शी र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विकासको आवश्यक्ता बढ्दै गएको छ। सवारी परीक्षणको लागि आगामी कार्यदिशाहरु निम्नानुसार हुन सक्छन्:

क) स्वचालित (Automated) सवारी परीक्षण प्राणाली लागुन गर्ने।

ख) प्रदेशस्तरमा सवारी परीक्षण कार्यालयहरुको विस्तार गर्ने।

ग) सवारी परीक्षणको कार्यमा अन्तर्राष्ट्रिय मापदण्डको अनुसरण गर्ने।

घ) विद्युतीय (EV) तथा नयाँ प्रविधिका सवारीका लागि विशेष परीक्षणको व्यवस्था गर्ने।

ङ) सवारी परीक्षणमा पूर्ण डिजिटल प्राणाली लागू गर्ने।

च) सवारी परीक्षण कार्यालयहरुमा दक्ष जनशक्तिको पर्याप्त व्यवस्था गर्ने।

छ) सवारी तथा यातायात सम्बन्धी कानुनहरुको समय सापेक्ष परिमार्जन तथा कार्यान्वयन गर्ने।

ज) सवारी साधनको उत्सर्जन न्यूनीकरण गरी वातावरण संरक्षणलाई प्राथमिकता दिने।

झ) सवारी परीक्षण कार्यालयलाई सार्वजनिक निजी साझेदारी (Public Private Partnership) अवधारणा अनुरुप संचालन गर्ने।

ञ) सवारी परीक्षण कार्यलाई प्रभावकारी बनाउन अनुसन्धान तथा नवप्रवर्तन अनुसरण गर्ने।

ट) नागरिक तथा सवारीधनीमा सवारी परीक्षणको महत्व सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

ठ) सवारी परीक्षण सम्बन्धी कार्यको नियमित तथा प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने

## ६. उपसंहार

नेपालमा सवारी साधनहरुको संख्या बढ्दै गएको परिपेक्षमा सवारी परीक्षण कार्यालयको आवश्यकता तथा महत्व बढ्दै गएको महशुस हुँदै गएको छ। सवारी परीक्षण कार्यालयको भविष्य स्वचालित परीक्षण प्राणाली, डिजिटल सेवा, अनतर्राष्ट्रिय मापदण्डको कार्यान्वयन, दक्ष जनशक्ति, विद्युतीय सवारी परीक्षण क्षमता, वातावरणीय उत्तरदायित्व तथा पारदर्शी प्रशासनमा आधारित हुनुपर्दछ। यी कार्यदिशाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा सडक सुरक्षा अभिवृद्धि, दुर्घटना न्यूनीकरण, प्रदूषण नियन्त्रण, सार्वजनिक यातायातको गुणस्तर सुधार तथा सुरक्षित र दिगो यातायात प्राणालीको विकास सम्भव हुन सक्छ।

धन्यवाद

कृष्ण कुमार यादव
मेकानिकल इन्जिनियर
यातायात व्यवस्था विभाग, काठमाडौं

## कार्यालयको परिचय

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नीतिगत व्यवस्था बमोजिम मानिसको अवागमन र वस्तुहरुको ओसारपोसारको लागि सुरक्षित, भरपर्दो, सुलभ र वातावरणमैत्री यातायात सेवा उपलब्ध गराउनु विभाग र मातहतका सवारी परीक्षण कार्यालयहरुको मुख्य उद्धेश्य हो।

२०७६ सालमा स्थापना भएको यस सवारी परीक्षण कार्यालय हेटौंडाले दुई वा सो भन्दा बढी प्रदेश भई संचालन हुने (अन्तरप्रदेशिय) सार्वजनिक सवारी साधनको बाटो इजाजतपत्र जारी गर्ने, सवारी साधनको स्तर कायम गर्ने, जाँचपास गर्ने तथा प्रदुषण परीक्षण गर्ने लगायतका यातायात व्यवस्था विभागद्वारा प्रत्यायोजित अधिकारको कार्यान्वयन गर्दै आएको छ।

## कार्यालयको कार्यको प्रमुख दायरा

- दुई वा सो भन्दा बढी प्रदेश भई संचालन हुने वा नेपालभर संचालन हुने सार्वजनिक सवारी साधनहरू (यात्रुवाहक/मालवाहक) को बाटो इजाजत पत्र, स्तर कायम, जाँचपास र प्रदूषण परीक्षण गर्ने कार्य देहाय बमोजिम गर्ने ।
- प्रस्थान वा गन्तव्यमा सवारी परीक्षण कार्यालय स्थापना भएको भए सोही सवारी परीक्षण कार्यालयले गर्ने ।
- प्रस्थान र गन्तव्यमा दुवै विन्दूमा सवारी परीक्षण कार्यालय नभएको भए बाटोमा पर्ने सवारी परीक्षण कार्यालयले गर्ने ।
- प्रस्थान , गन्तव्य र बाटोमा समेत सवारी परीक्षण कार्यालय नभएको भए प्रस्थान विन्दूको यातायात व्यवस्था कार्यालयले गर्ने ।
- विदेशबाट पार्टपूर्जा तथा सामाग्री झिकाई नेपालमा जडान (एसेम्बल) हुने सवारी साधनको Road Worthiness Test गरी सोको प्रतिवेदन विभागमा पठाउने ।
- रात्री सेवा, स्तरीय सेवा , डिलक्स तथा सुपर डिलक्स सेवामा संचालन हुने सार्वजनिक सवारी साधनको मापदण्ड अनुसार सवारी निरीक्षण गरी तोकिएको अवधि सम्म संचालनको स्वीकृति दिने ।


फोन नः-०५७-५२०१८९ | इमेलः- hetaudavftc@gmail.com | Website:- www.vftchetauda.gov.np

- कुनै पनि सवारीको बडि बिल्डिङ्ग तथा मर्मत कार्य गर्ने वर्कसप र च्यासिस आयात गरी वा निर्माण गरी इन्जिन लगायतका अन्य पाटपूर्जा, बडी समेत एसेम्बल गरी सवारी साधन तयार गर्ने कारखानाहरूको विभागको निर्देशानुसार अध्ययन गरी दर्ताका लागि सिफारिश गर्न र समय समयमा त्यस्ता कारखानाहरूको अनुगमन निरीक्षण गरी विभागमा प्रतिवेदन पठाउने ।
- राष्ट्रिय लोकमार्ग वा अन्तरप्रदेश लोक मार्गमा हुने सडक दुर्घटना सम्बन्धी अध्ययन अनुसन्धान गर्ने ।
- राष्ट्रिय मापदण्ड अनुसार सवारी चालक प्रशिक्षण केन्द्र, वर्कशप, कलकारखानाहरूको अनुगमन गर्ने र नियमित प्रतिवेदन विभागमा पठाउने ।
- राष्ट्रिय लोकमार्गमा चल्ने सार्वजनिक सवारी साधनको अधिकतम गति निर्धारणको अधययन गरि सिफारिश गर्ने ।
- अन्तरप्रदेश तथा राष्ट्रिय लोकमार्गमा चल्ने सवारी साधनहरूको नियमित स्थलगत अनुगमन (भाडादर, सिट क्षमता, बाटो इजाजत, जाँचपास आदि) गर्ने ।
- प्रदेश अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालयहरूसँग संघले निर्माण गरेका मापदण्डहरूको कार्यान्वयनमा समन्वय गर्ने र ती कार्यालयका कर्मचारीहरूलाई आवश्यक तालीम तथा राय सुझावहरू प्रदान गर्ने ।
- Vehicle Fitness Test Center (VFTC) को निर्माण गरी नियमित संचालन तथा मर्मत संभार गर्ने व्यवस्था मिलाउने ।
- यातायात व्यवस्थापन क्षेत्रमा गर्नुपर्ने अध्ययन अनुसन्धानका विषयमा विभागको निर्देशन तथा सहमतीको आधारमा आवश्यक अध्ययन अनुसन्धान गरी विभागमा पठाउने ।
- विभागले समय समयमा तोकेका अनुसन्धात्मक र अध्ययन सम्बन्धी कार्यहरू गर्ने ।
- सरकारी तथा सार्वजनिक निकायहरूलाई आवश्यक सवारी साधन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने

# कार्यालयको नागरिक बडापत्र

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग

## सवारी परीक्षण कार्यालय

हेटौंडा, मकवानपुर

## नागरिक वडापत्र

| सि.नं. | प्रवाह हुने सेवाहरु | सम्बन्धित शाखा (कोठा नं) | सम्बन्धित कर्मचारी | आवश्यक कागजात तथा अन्य | लाग्ने दस्तुर | लाग्ने समय | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | दुई वा सो भन्दा बढी प्रदेश भई संचालन हुने सार्वजनिक (यात्रुवाहक/मालवाहक) सवारी साधनहरुको | | | | | | | |
| | क) प्रदुषण परीक्षण | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. प्रदुषण परीक्षणको लागि निवेदन,<br>2. चालु आ.व को कर तिरेको सवारी दर्ता प्रमाणपत्र,<br>3. सवारी बीमा सम्बन्धी कागजात,<br>4. परीक्षण गर्नुपर्ने सवारीसाधन | रु.35/- | १ घण्टा | कार्यालय प्रमुख | |
| | ख) नयाँ जाँचपास तथा जाँचपास नविकरण | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. सवारी जाँचपासको लागि निवेदन,<br>2. चालु आ.व को कर तिरेको सवारी दर्ता प्रमाणपत्र,<br>3. सवारी बीमा सम्बन्धी कागजात,<br>4. जाँचपास गर्नुपर्ने सवारीसाधन<br>5. प्रदुषण परीक्षण पास भएको कागजात | रु.300/- | 2 घण्टा | कार्यालय प्रमुख | |
| 2. | दुई वा सो भन्दा बढी प्रदेश भई संचालन हुने सार्वजनिक (यात्रुवाहक/मालवाहक) सवारी साधनहरुको | | | | | | | |
| | क) बाटो इजाजतपत्र जारी गर्ने | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. बाटो इजाजतपत्रको निवेदन<br>2. सवारी जाँचपासको प्रमाणपत्र,<br>3. यातायात सेवाको पंजिकरण सम्बन्धी कागजात<br>4. चालकको स.चा.अ.प<br>5. चालक तथा अन्य कर्मचारीको नियुक्तिपत्र<br>6. चालु आ.व को कर तिरेको विवरण सहितको सवारी दर्ता प्रमाणपत्र,<br>7. सवारी बीमा सम्बन्धी कागजात,<br>8. माग गरीएको बाटोको विवरण (अन्य २ वटा विकल्प सहित)<br>9. सवारी (आवश्यता अनुसार) | नियमानुसार | 2 घण्टा | कार्यालय प्रमुख | |
| | ख) बाटो इजाजतपत्र नविकरण गर्ने | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. बाटो इजाजतपत्र नविकरणको निवेदन<br>2. सवारी जाँचपासको प्रमाणपत्र,<br>3. यातायात सेवाको पंजिकरण सम्बन्धी कागजात<br>4. चालकको स.चा.अ.प.<br>5. चालु आ.व को कर तिरेको विवरण सहितको सवारी दर्ता प्रमाणपत्र,<br>6. सवारी बीमा सम्बन्धी कागजात, | नियमानुसार | 2 घण्टा | कार्यालय प्रमुख | |
| 3. | यात्रुवाहक सार्वजनिक सवारीसाधनको स्तर निर्धारण र संचालनको स्वीकृति | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. सवारीको स्तर निर्धारणको निवेदन<br>2. सवारीको जाँचपासको प्रमाणपत्र,<br>3. चालु आ.व को कर तिरेको विवरण सहितको सवारी दर्ता प्रमाणपत्र,<br>4. सवारी बीमा सम्बन्धी कागजात,<br>5. प्रदूषण परीक्षण पास भएको कागजात,<br>6. स्तर निर्धारण गर्नुपर्ने सवारी साधन | निशुल्क | १ दिन | कार्यालय प्रमुख | |
| 4. | नेपालमा जडान (ऐसेम्बल) हुने सवारी साधनको सडकमा चल्ने सक्षमताको जाँच **(Road Worthiness Test)** | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. यातायात व्यवस्था विभागको पत्र<br>2. वर्कसैप दर्ता प्रमाणपत्र<br>3. आयातीत् पार्टसको भंसार प्रज्ञापन लगायत<br>4. सवारी साधन | निशुल्क | बढिमा ७ दिन | कार्यालय प्रमुख | |
| ५. | बडी बिलडिङ्ग सम्बन्धी वर्कसैप तथा अन्य सवारी सम्बन्धी वर्कसैप/कारखानाको दर्ताको सिफारिस | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. यातायात व्यवस्था विभागको पत्र<br>2. **PAN/VAT** दर्ताको प्रमाणपत्र<br>3. उद्योग दर्ताको प्रमाणपत्र<br>4. प्राविधिक र मेशिनरी सम्बन्धी अन्य कागजात | निशुल्क | बढिमा ७ दिन | कार्यालय प्रमुख | |
| ६. | यातायात सेवाको पंजिकरण | प्राविधिक शाखा कोठा नं २ र ४ | मेकानिकल ईन्जिनियर/ मेकानिकल सुपरभाइजर | 1. यातायात सेवा पंजिकरणको लागि निवेदन<br>2. सहकारी/फर्म/कम्पनी दर्ताको प्रमाणपत्र<br>3. सहकारी/फर्म/कम्पनीको प्रबन्धपत्र र नियमावली<br>4. सहकारी/फर्म/कम्पनीका प्रोपराइटर, साझेदार वा प्रथम संचालकहरुको नागरिकताको प्रमाणपत्र<br>5. यातायात सेवा अन्तर्गत रहेका सवारीको दर्ता प्रमाणपत्र, सवारी कर तिरेको निस्सा, जाँचपास, तेस्रो पक्ष बीमा, आयकरदर्ता प्रमाणपत्र,<br>6. कर चुक्ताको प्रमाणपत्र,<br>7. चालक, परिचालकको नियुक्तिपत्र,<br>8. अन्य कर्मचारीहरुको नियुक्तिपत्र,<br>9. चालकको सवारी चालक अनुमतिपत्र,<br>10. घर जग्गाको लालपूर्जा/घर बहाल सम्झौताको प्रतिलिपि, | नियमानुसार | १ दिन | कार्यालय प्रमुख | |
| ७. | पटके बाटो इजाजतपत्र (अन्तर प्रदेश संचालन हुने सार्वजनिक सवारीहरुको मात्र) | | | 1. नेपाली सवारीको लागिः–<br>क) बाटो इजाजतपत्र<br>ख) बिमा सम्बन्धी कागजात<br>ग) जाँचपास प्रमाणपत्र | नियमानुसार | 15 मिनेट | कार्यालय प्रमुख | |

Website: www.vftchetauda.gov.np
Email: hetaudavftc@gmail.com
Phone No: 057-520185

# कार्यालयले प्रदान गरिने सेवाहरु

## यातायात सेवा पञ्जीकरण

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ९३ अनुसार यातायात सेवाको नाम यातायात व्यवस्था विभागमा पञ्जीकृत हुनुपर्दछ । विभागको मिति २०८०।०४।०२ को निर्णानुसार यातायात सेवाको पञ्जीकरण गर्ने अधिकार सवारी परीक्षण कार्यालयलाई प्रत्यायोजन गरिएको छ ।

**पञ्जिकरणका लागि आवश्यक कागजातहरू**

१. प्रोप्राइटर, साझेदार वा प्रथम सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र

२. सञ्चालन गर्न खोजेको यातायात सेवा अन्तर्गत रहेका सवारीको दर्ताको प्रमाणपत्र

३. सञ्चालन गर्न खोजेको यातायात सेवा यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर फस्यौंट प्रमाणपत्र

४. सञ्चालन गर्न खोजेको यातायात सेवाको प्रबन्धपत्र र नियमावली

५. सञ्चालन गर्न खोजेको यातायात सेवा अन्तर्गत काम गर्ने चालक, परिचालकलाई दिइएको सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को अनुसूची -६२ बमोजिमको नियुक्तिको प्रतिलिपि र अन्य कर्मचारीहरूको विवरण

## सार्वजनिक सवारीको स्तर निर्धारण

**सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ६ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८ अनुसार सवारी साधनको स्तर** (Vehicle Standard) **निम्नानुसार वर्गीकरण गरिएको छः**

१. **प्रत्यक्ष सेवा** (Direct Service)

क. नाइट बस (Night Bus)

ख. डिलक्स बस (Deluxe Bus)

